# छत्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चौरगा, गुल्मी

लुम्बिनी प्रदेश, नेपाल


प.स. ०७९/८०

च.नं.

मिति: २०७९।०४।०२

**सामाजिक सुरक्षा परिचयपत्र नवीकरण तथा लाभग्राही सूचीकरण गर्ने सम्बन्धी सूचना**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम (४) को उपनियम (१) मा उल्लेख भए बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले श्रावण महिना देखि कार्तिक मसान्तभित्र सम्बन्धित वडा कार्यालयमा नविकरणका लागि निवेदन पेश गर्नुपर्ने व्यस्था भएपनि त्रैमासिक रुपमा बजेट निकासा हुने भएकोले आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम त्रैमासिक बजेट निकासा गरी असोज मसान्त भित्र पहिलो त्रैमासिकको सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने भएको हुँदा सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीरुले स्वयम् उपस्थित भई श्रावण महिना देखि भाद्र मसान्तभित्र अनिवार्य रुपमा सम्बन्धित वडा कार्यालयमा गई नाम नविकरण गर्नुहुन अनुरोध छ। साथै नेपाल सरकारको आ.ब २०७९।८० को बजेट बक्तब्यमा ६८ वर्ष उमेर पुरा भएकालाई जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता दिने उल्लेख भए बमोजिम र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभगको च.नं. ९ मिति २०७९।०४।०१ को पत्र बमोजिम सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम (५) बमोजिम लाभग्राही सुचिकरण गर्न नागरिकता प्रमाणपत्रको सक्कलै लिएर वडा कार्यालयमा गई लाभग्राही सूचीकरण गर्नुहुन समेत अनुरोध छ।

**सामाजिक सुरक्षा लाभग्राही परिचयपत्र नवीकरण गर्न आउँदा ल्याउनुपर्ने कागजातहरु**

१. लाभग्राहीको नागरिकताको प्रतिलिपि,
२. लाभग्राहीको सम्बन्धित बैंकबाट जारी भएको चेकको एक प्रति,
३. लाभग्राहीको दुई प्रति पासपोर्ट साइजको फोटो,
४. लाभग्रहीको तिन पुस्ता खुल्ने बाबु, आमा र हजुर बुबा को नाम,
५. दलित वालवालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि र बाबु, आमा वा संरक्षकको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि,
६. विधवा महिला ६० वर्ष मुनिका महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाण-पत्र, अर्को बिवाह नगरेको प्रमाणित प्रतिलिपि र विपन्न प्रमाणीत प्रमाण-पत्रको प्रतिलिपि
७. जेष्ठ एकल महिला ६० वर्ष माथिका महिलाको हकमा
    - पतिको मृत्यु भएको महिलाको हकमा पतिको मृत्यु प्रमाण-पत्रको प्रतिलिपि
    - अविवाहित महिलाको हकमा अविवाहित प्रमाण-पत्रको प्रतिलिपि
    - न्यायीक पृथकीकरण गरि बसेका महिलाको हकमा न्यायीक पृथकीकरण प्रमाण-पत्रको प्रतिलिपि
    - सम्बन्ध विच्छेदगरी बसेका महिलाको हकमा सम्बन्ध विच्छेद गरेको प्रमाण-पत्रको प्रतिलिपि र अर्को विवाह नगरेको वडाको सिफारिस,
८. आंशिक अपाङ्गता (ख बर्गका अपाङ्ग) र पूर्ण अपाङ्ग (क बर्ग अपाङ्ग)भएको व्यक्तिको हकमा गाउँपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि र बाबु, आमा वा संरक्षकको नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि

**थप जानकारीका लागि:**

छत्रकोट गाउँपालिका (सामाजिक सुरक्षा तथा पञ्जिकरण सेवा इकाई) ९८४७०९८४०२, ९८६७०३८५७९ मा सम्पर्क गर्न सक्नुहुनेछ।

**पुनश्च : तोकिएको समयमा नाम नवीकरणका लागि आवश्यक कागजात सहित निवेदन पेश नभएमा सामाजिक सुरक्षा भत्ता प्राप्त नहुने व्यहोरा जानकारीका लागि अनुरोध छ।**

..................................

कृष्ण प्रसाद पन्थी

**प्रमुख प्रशासकीय अधिकृत**

प्रमुख प्रशासकीय अधिकृत


फोन नं. - ९८५७०६७९०८ | ईमेल - info@chhatrakotmun.gov.np | Website: www.chhatrakotmun.gov.np